तिमीले गरेका ती राम्रो कर्महरूको कारणले नै तिमीले इस्लाम स्वीकार गरेको छौ।

हकीम बिन हिजाम (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, उहाँ भन्नु हुन्छः मैले भने:
हे अल्लाहको रसूल ! म जाहिलिया (इस्लाम पूर्व) को समयमा परोपकार गर्थे, दासहरूलाई
मुक्त गर्थे तथा पारिवारिक सम्बन्ध कायम राख्थे, के मलाई ती सत्कर्महरूको कुनै
प्रतिफल प्राप्त हुनेछ ? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: " "तिमीले
गरेका ती राम्रो कर्महरूको कारणले नै तिमीले इस्लाम स्वीकार गरेको छौ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले स्पष्ट गर्नुभएको छ कि यदि काफिरले इस्लाम स्वीकार गर्दछ भने, उसलाई इस्लाम स्वीकार गर्नु अघि जाहिलियतको समयमा गरेको दान, दासलाई स्वतन्त्र गराउने, र नातागोतालाई जोड्ने जस्ता सुकर्महरूको प्रतिफल दिइन्छ।

http://www.sunnah.global/hadeeth/ne/show/65016